सम्पर्क नं. : ०२५५४३०३०

# दुहबी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा युवा तथा खेलकुद शाखा

दुहबी, सुनसरी
कोशी प्रदेश, नेपाल

दुहबी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश दुहबी, सुनसरी स्था: २०७३

प. स. :-२०८०/०८१
च. नं. :- ५००३

मितिः २०८१।०३।२५

विषयः IEMIS अध्यावधिक गर्ने सम्बन्धमा ।

श्री सबै विद्यालयहरु
दुहबी नगरपालिका सुनसरी ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको च.नं. ८१ मिति २०८१/०२/०६ गतेको पत्रानुसार विद्यालयहरुले शैक्षिक सत्र २०८१ को आफ्नो विद्यालयको विवरण मिति २०८१/०३/१५ गतेसम्म एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली (Intrgrated Education Management System (IEMIS) मा अनिवार्य रुपमा अध्यावधिक गरी सक्नु पर्ने व्यवस्था बमोजिम हालसम्म पनि यस पालिकाअन्तर्गत सञ्चालित कतिपय विद्यालयहरुले IEMIS मा पूर्ण विवरण अध्यावधिक नगरेको पाइएकोले शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको च.नं. ९९ मिति २०८१/०३/२४ गतेको यसै पत्रसाथ संम्लग्न सूचनानुसार मिति २०८१/०४/०७ गते भित्र पूर्ण रुपमा IEMIS अध्यावधिक गर्नुहुन सबै विद्यालयलाई जानकारीका लागि अनुरोध छ । साथै उक्त समयसम्म पनि विद्यालयको सम्पूर्ण विवरण IEMIS मा अध्यावधिक नभएमा विद्यालयले प्राप्त गर्ने अनुदान र विद्यार्थीहरुले प्राप्त गर्ने सेवा सुविधाबाट विद्यालय तथा विद्यार्थी वञ्चित हुने अवस्था सिर्जना भएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक नै जिम्मेवार हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

बोधार्थः
श्री सूचना प्रविधि शाखा दुहबी नपा (website मा upload गरिदिनु हुन)

२०८१।०३।२५
विकास घिमिरे
अधिकृत आठौं (शिक्षा)

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना तथा व्यवस्थापन शाखा)

सानोठिमी, भक्तपुर

प.स.: शै.सू.व्य. २०८०/८१ मिति : २०८१।०३।२४

च.नं. : ९९

<u>विषयः IEMIS अद्यावधिक भएका विद्यालयहरुको विवरण बारे ।</u>

**श्री स्थानीय तह**
**सबै ।**

प्रस्तुत विषयमा यस केन्द्रको च.नं. ८१ मिति २०८१।०२।०६ पत्रबाट सबै विद्यालयहरुलाई शैक्षिक सत्र २०८१ को विवरण, एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) मा २०८१ आषाढ १५ गतेभित्र अद्यावधिक गर्न अनुरोध गरिएकोमा हालसम्म शैक्षिक सत्र २०८१ को विवरण अद्यावधिक गर्ने विद्यालयहरुको सूचि यसै सूचनामार्फत सार्वजनिक गरिएको छ । हालसम्म विवरण अद्यावधिक नगर्ने, अद्यावधिक गरेपनि पूर्ण विवरण अद्यावधिक नगर्ने र IEMIS Code लिई अद्यावधिक गर्न छुट भएका विद्यालयहरुलाई मिति २०८१ श्रावण ७ गतेभित्र अद्यावधिक गर्न लगाउनु हुन र सो मिति भित्र विवरण अद्यावधिक नगर्ने विद्यालयहरुको सूचि IEMIS बाट हटाउन सकिने व्यहोरा समेत सूचित गरिदिनु हुन अनुरोध छ ।

पूर्व निर्धारित समय भित्र विवरण अद्यावधिक गर्दा केही समस्याहरु आएको भनि विद्यालय एवम् स्थानीय तहबाट जानकारी प्राप्त भएको सन्दर्भमा देहाय अनुसार गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

१. एउटा विद्यालयबाट अर्को विद्यालयमा स्थानान्तरण भएका विद्यार्थीहरुलाई सम्बन्धित विद्यालयले IEMIS मार्फत विद्यार्थी स्थानान्तरण (Transfer) गर्नुपर्नेमा कतिपय विद्यालयहरुले सो नगरेको गुनासो प्राप्त भएकाले Transfer गर्न बाँकी विद्यालयहरुले २०८१ आषाढ मसान्तभित्र अनिवार्य रुपमा Transfer गरिसक्ने । सो समयावधिसम्म पनि विद्यार्थी स्थानान्तरण नगर्ने विद्यालयहरुलाई स्थानीय तहबाट कारवाही गरी हाल विद्यार्थी भर्ना भएको विद्यालयबाट विवरण लिइ स्थानीयले नै स्थानान्तरण गरिदिनु हुन ।
२. वैकल्पिक शिक्षा प्रणालीबाट भर्ना हुन आएका, बिचमा विद्यालय छोडी भर्ना हुन आएका, विगत बर्षमा IEMIS मा विवरण अभिलेखित (Record) नभएका, खुला र अनौपचारिक प्रौढ विद्यालयमा भर्ना हुन आएका विद्यार्थी, विदेशी नागरिकका बालबालिका, अर्को विद्यालयबाट एक कक्षा भन्दा माथिल्लो कक्षामा भर्ना हुन आएका विद्यार्थीहरुको विवरण विद्यालयबाट लिइ IEMIS को Student Record Button (Student Information) मा रहेको Add मा गइ सम्बन्धित कक्षामा विद्यार्थी Add गर्ने कार्यमा सहजीकरण गरिदिनु हुन ।
३. कक्षा ८ को नतिजा प्रविष्टि गर्न बाँकी भए सो अनिवार्य रुपमा प्रविष्टि गर्न लगाउनु हुन ।
४. शिक्षक, कर्मचारी, भौतिक पक्ष लगायतका विषयमा विवरण अद्यावधिक गर्न बाँकी भए सो समेत अद्यावधिक गर्न लगाउन हुन,

<u>बोधार्थ</u>

श्री शिक्षा विकास तथा समन्वय इकाइ
(सबै): आवश्यक समन्वय एवम् सहजीकरण गर्नु गराउनु हुन ।

रामचन्द्र शर्मा
निर्देशक